# अनुसूची - १

# अभौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यविधि २०७०

१. यस कार्यविधिमा उल्लेख गरिएका देहायका शब्द तथा वाक्यांशहरुले निम्न बमोजिम अर्थ दिनेछन् :

क) **CnS सफ्ट्वेयर** भन्नाले अभौतिक धितोपत्रसँग सम्बन्धित कारोबारहरुको राफसाफ तथा फछ्र्यौट कार्य गर्नको लागि तयार पारिएको विद्युतीय प्रणाली सम्झनु पर्छ ।

ख) **CDAS सफ्ट्वेयर** भन्नाले धितोपत्रको अभौतिकीकरण गर्ने, अभौतिक धितोपत्रहरुको निक्षेप गर्नुका साथै सो सँग सम्बन्धित लेखाजोखा राख्ने विद्युतीय प्रणाली सम्झनु पर्छ ।

ग) **Payin** भन्नाले राफसाफ सदस्यको पुल खाताबाट सिडिएससिको सम्बन्धित पुल खातामा धितोपत्र र रकमको हस्तान्तरण प्रक्रियालाई सम्झनु पर्छ ।

घ) **Payout** भन्नाले सिडिएससिको पुल खाताबाट राफसाफ सदस्यको सम्बन्धित पुल खातामा धितोपत्र र रकमको हस्तान्तरण प्रक्रियालाई सम्झनु पर्छ ।

ङ) **Closeout** भन्नाले धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम २० र २१ मा व्यवस्था भए अनुसार कारोबार राफसाफ तथा फछ्र्यौट गर्ने कार्य सम्झनु पर्छ ।

च) **Settlement ID** भन्नाले अभौतिक धितोपत्रसँग सम्बन्धित कारोबारहरुको राफसाफ तथा फछ्र्यौट कार्य गर्नको लागि सिडिएससिद्धारा तयार पारिएको १३ अंकको पृथक परिचय नम्बर सम्झनु पर्छ । प्रत्येक राफसाफ सदस्यले आफ्नो पुल एकाउन्टमा धितोपत्र जम्मा गराउँदा तथा पुल एकाउन्टबाट हितग्राहीको खातामा पठाउँदा उक्त Settlement ID उल्लेख गर्नु पर्छ ।

छ) **DP Charge** भन्नाले निक्षेप सदस्यले एउटा डिम्याट् खाताबाट अर्को डिम्याट् खातामा धितोपत्र हस्तान्तरण गर्दा लिने दस्तुर सम्झनु पर्छ । धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ बमोजिम डिपि शुल्क प्रत्येक हस्तान्तरणमा रु.२५ लिने व्यवस्था छ ।

ज) **No Delivery Period (NDP)** भन्नाले शेयरधनी दर्ता किताब बन्द (Book Close) को दिन देखि ४ दिन सम्मको अवधिलाई बुझिन्छ । शेयरधनी दर्ता किताब बन्द हुनु भन्दा १ दिन अगाडि सम्म सम्पन्न भएका कारोबारहरुका राफसाफ भएकै दिन या भोलिपल्टको अपरान्ह ४ बजे सम्ममा सम्बन्धित खरिदकर्ता राफसाफ सदस्यले आफ्नो खाता (CM Pool Account) बाट हितग्राहीको खातामा सारी सक्नु पर्नेछ । सो अवधिमा कारोबार भएका धितोपत्रहरुको राफसाफ प्रक्रिया NDP को अन्तिम दिनको भोलिपल्ट शुरु हुनेछ । NDP को अन्तिम दिनको BO Holding Report को आधारमा हितग्राहीले संस्थागत लाभ पाउने भएकोले बिक्रीकर्ता राफसाफ सदस्यले सो अवधिमा सम्पन्न भएका कारोबारसँग सम्बन्धित धितोपत्रहरुलाई सो अवधिभित्र हितग्राहीको खाताबाट आफ्नो खाता (CM Pool Account) मा सार्न हुँदैन ।

२. प्रत्येक राफसाफ सदस्यले CnS सफ्ट्वेयरमा आफ्नो सम्पूर्ण ग्राहकहरुको विवरण प्रविष्टि गरी नेप्सेबाट प्राप्त ग्राहक संकेत नम्बर (NEPSE Client Code) लाई सम्बन्धित ग्राहकको नागरिकता नम्बर/स्थायी लेखा नम्बर वा कम्पनी दर्ता नम्बर/राहदानी नम्बर लगायत हितग्राही परिचय नम्बर (BOID) सँग Mapping गर्नुपर्नेछ ।

३. सिडिएससिले प्रत्येक कारोबार दिनका लागि विभिन्न फछ्र्यौट चक्रको धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यको एउटा छुट्टै Settlement ID बनाउनेछ ।

४. आईतबार देखि बिहीबार सम्मको कारोबारको लागि नेप्सेले सिडिएससिलाई सोही दिन कारोबार समाप्त भएको १ घन्टा भित्र र शुक्रबारको कारोबारको लागि सोही दिन कारोबार समाप्त भएको १/२ घन्टा भित्र कारोबार फाईल उपलब्ध गराउनेछ ।

५. नेप्सेबाट कारोबार फाईल प्राप्त गरे पश्चात् सिडिएससिले प्रत्येक Settlement ID को आधारमा CnS सफ्ट्वेयरमा उक्त फाईल अपलोड गर्नेछ ।

६. सिडिएससिले CnS सफ्ट्वेयरमा कारोबार फाईल अपलोड गरे पश्चात् बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेका कारोबारहरु मध्ये अभौतिक धितोपत्रसँग सम्बन्धित कारोबारहरुलाई कारोबार सम्पन्न भएको १ कार्यदिन (T+1) को १२ बजे भित्र सफ्ट्वेयरमा Marking गरी छुट्याउनु पर्नेछ । साथै निज बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेका अभौतिक धितोपत्रहरुको खरिद मूल्य अन्य लागत तथा विवरणहरु सफ्ट्वेयर मा प्रविष्टि गर्नु पर्नेछ । प्रविष्टित खरिद मूल्यसँग सम्बन्धित विवरण सच्याउनु परेमा निज बिक्रीकर्ता राफसाफ सदस्यले धितोपत्रको Payin पूर्व नै सच्याउनु पर्नेछ ।

७. बिक्रीकर्ता राफसाफ सदस्यले आफूले बिक्री गरेका धितोपत्रहरुको खरिद स्रोत, खरिद मूल्य र खरिद गर्दा लागेका अन्य दस्तुर, शुल्क तथा कमिशन प्रविष्टि गर्नका लागि CnS सफ्ट्वेयरमा Purchased before introduction of CGT, Purchased after introduction of CGT before automation, Purchased in physical after automation of trade र Purchased in Demat गरी चारवटा खण्डहरु उपलब्ध हुनेछन् र ती खण्डहरुमा निम्न तरिकाले प्रविष्टि गर्नुपर्नेछ :

(क) Purchased before introduction of CGT

यस खण्ड अन्तर्गत खरिद गरिएका धितोपत्रहरुको खरिद मूल्य मिति २०५८/०४/०१ गते नेपाल स्टक एक्सचेन्ज लि. द्वारा निर्धारण गरिएको खरिद मूल्य कायम रहनेछ । उक्त मूल्य सफ्ट्वेयरमा अपलोड भई सकेको हुँदा जुनसुकै खरिद स्रोतको लागि खरिद दर सफ्ट्वेयरबाट नै उपलब्ध हुनेछ ।

अ. खरिद स्रोत दोस्रो बजार (On Market) बाहेक अन्य स्रोत भएको अवस्थामा धितोपत्र नामसारी शुल्क (रु.५) समावेश गरिने छैन ।

आ. प्राथमिक निष्काशन (IPO)/नयाँ निष्काशन (FPI)/संस्थागत लाभ (CA) खरिद स्रोत भएको अवस्थामा Brokerage तथा SEBON Commission समावेश गरिने छैन ।

(ख) Purchased after introduction of CGT before automation

यस खण्डमा सबै खरिद स्रोत अन्तर्गत खरिद विवरण ग्राहकले अनुसूची-१.१ बमोजिम उपलब्ध गराए अनुसार रुजु गरी राफसाफ सदस्यले सफ्ट्वेयर मा प्रविष्टि गर्नु पर्नेछ ।

अ. खरिद स्रोत दोस्रो बजार (On Market) बाहेक अन्य स्रोत भएको अवस्थामा धितोपत्र नामसारी शुल्क (रु.५) समावेश गरिने छैन ।

आ. प्राथमिक निष्काशन (IPO)/नयाँ निष्काशन (FPI)/संस्थागत लाभ (CA) खरिद स्रोत भएको अवस्थामा Brokerage तथा SEBON Commission समावेश गरिने छैन ।

(ग) Purchased in Physical after automation of trade

यस खण्डमा सबै खरिद स्रोत अन्तर्गत खरिद विवरण ग्राहकले अनुसूची-१.१ बमोजिम उपलब्ध गराए अनुसार रुजु गरी राफसाफ सदस्यले सफ्ट्वेयर मा प्रविष्टि गर्नु पर्नेछ ।

अ. खरिद स्रोत दोस्रो बजार (On Market) बाहेक अन्य स्रोत भएको अवस्थामा धितोपत्र नामसारी शुल्क (रु.५) समावेश गरिने छैन ।

आ. प्राथमिक निष्काशन (IPO)/नयाँ निष्काशन (FPI)/संस्थागत लाभ (CA) खरिद स्रोत भएको अवस्थामा Brokerage तथा SEBON Commission समावेश गरिने छैन ।

इ. खरिद स्रोत दोस्रो बजार (On Market) भएको खण्डमा प्रविष्टि गरिएको खरिद कारोबार नम्बरको आधारमा खरिद मूल्य सफ्ट्वेयर ले नै उपलब्ध गराउने छ र यस कारोबारसँग सम्बन्धित कमिशन तथा शुल्कहरु प्रविष्टि गरिएको धितोपत्र संख्याको अनुपातमा खरिद लागतमा समावेश गरिनेछ ।

(घ) Purchased in Demat

यस खण्डमा सबै खरिद स्रोत अन्तर्गत खरिद विवरण ग्राहकले अनुसूची-१.१ बमोजिम उपलब्ध गराए अनुसार रुजु गरी राफसाफ सदस्यले सफ्ट्वेयर मा प्रविष्टि गर्नु पर्नेछ ।

अ. प्राथमिक निष्काशन (IPO)/नयाँ निष्काशन (FPI)/संस्थागत लाभ (CA) खरिद स्रोत भएको अवस्थामा Brokerage तथा SEBON Commission समावेश गरिने छैन ।

आ. खरिद स्रोत दोस्रो बजार (On Market) भएको खण्डमा प्रविष्टि गरिएको खरिद कारोबार नम्बरको आधारमा खरिद मूल्य सफ्ट्वेयर ले नै उपलब्ध गराउने छ र यस कारोबारसँग सम्बन्धित कमिशन, DP Charge तथा अन्य शुल्कहरु प्रविष्टि गरिएको धितोपत्र संख्याको अनुपातमा खरिद लागतमा समावेश गरिनेछ ।

८. खरिदकर्ता राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्र बापतको रकम, कमिशन तथा अन्य दस्तुर CnS सफ्ट्वेयरमा उपलब्ध Report को आधारमा आफूले बुझाउनु पर्ने रकम सुनिश्चित गरी कारोबार सम्पन्न भएको २ कार्य दिन (T+2) भित्र राफसाफ बैंकमा रहेको आफ्नो खातामा जम्मा गर्नु पर्नेछ र राफसाफ बैंकले CnS सफ्ट्वेयरबाट प्राप्त आवश्यक रिपोर्टको आधारमा सोही दिन राफसाफ सदस्यको खाता डेबिट गरी सिडिएससिको खाता क्रेडिट गर्नेछ र सोको विवरण CnS सफ्ट्वेयरमा पनि प्रविष्टि गर्नु पर्नेछ ।

९. बिक्रीकर्ता राफसाफ सदस्यले CnS सफ्ट्वेयरमा उपलब्ध Report को आधारमा आफूले बिक्री गरेको धितोपत्र सुनिश्चित गरी कारोबार सम्पन्न भएको २ कार्य दिन (T+2) भित्र ग्राहकको एकाउन्टबाट आफ्नो पुल एकाउन्टमा सारी सक्नु पर्नेछ । सो का लागि निज बिक्रीकर्ता राफसाफ सदस्यले कारोबार सम्पन्न हुनु अघि ग्राहकबाट प्राप्त निर्देशन पुर्जी (DIS) सम्बन्धित निक्षेप सदस्यलाई दिनेछ ।

१०. यदि बिक्रीकर्ता राफसाफ सदस्यले धितोपत्रको Shortage गरेको भए निज राफसाफ सदस्यले उक्त Shortage कुन कुन कारोबारमा भएको हो सो को जानकारी राफसाफ तथा फछ्र्यौट कार्य सुरु हुन अघि नै CnS सफ्ट्वेयरमा गराउनु पर्नेछ ।

११. सिडिएससिले कारोबार सम्पन्न भएको २ कार्य दिन (T+2) को अन्त्य (End of the Day) मा Payin प्रक्रिया अगाडि बढाउनेछ । Payin प्रक्रिया अन्तर्गत राफसाफ सदस्यको पुल एकाउन्टबाट धितोपत्र र रकम डेबिट गरी सिडिएससिको सम्बन्धित एकाउन्ट क्रेडिट हुनेछ । यसरी सफ्ट्वेयरमा Payin प्रक्रिया अगाडि बढे पछि प्रविष्टि गरिएको डाटामा कुनै पनि परिवर्तन सम्भव नहुने हुँदा राफसाफ सदस्यले आफूले बुझाउने पर्ने सम्पूर्ण दायित्व अर्थात् Shortage भए/नभएको, Trade Marking तथा CGT सम्बन्धी खरिद विवरण ठिक भए/नभएको कुरा सो समय अघि नै सच्याई सही प्रविष्टि गर्नु पर्नेछ । यसरी रकम र धितोपत्रको Payin गरे पश्चात् राफसाफ सदस्यले CnS सफ्ट्वेयरबाट आवश्यक Report हेरी आफूले बुझाउनु पर्ने सबै धितोपत्र तथा रकम बुझाए/नबुझाएको यकिन गर्न सक्नेछ । यदि धितोपत्र तथा रकम नपुग भएको खण्डमा राफसाफ सदस्यले तुरुन्त नपुग धितोपत्र/रकम आफ्नो पुल एकाउन्टमा कारोबार सम्पन्न भएको ३ कार्य दिन (T+3) अर्थात् Settlement Day को अपरान्ह १२ बजे सम्म जम्मा गर्नु पर्नेछ । यदि धितोपत्र नपुग भएको खण्डमा धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ अनुसार क्लोज आउट प्रक्रिया अगाडि बढाईनेछ । यसै गरी रकम नपुग भएको खण्डमा सो रकम नबुझाए सम्म खरिदकर्ता राफसाफ सदस्यले पाउनु पर्ने सम्पूर्ण धितोपत्र रोक्का गरिनेछ साथै निज राफसाफ सदस्यलाई कारोबार गर्न बाट बन्चित गर्न गराउन नेप्सेलाई सूचित गरिनेछ ।

१२. राफसाफ सदस्यले Fund Shortage गरी सिडिएससिको खातामा रकम अभाव हुन गएमा सिडिएससिको निर्देशनमा राफसाफ बैंकले निज राफसाफ सदस्यको रकम धरौटी वा सो रकम बराबरको बैंक ग्यारेण्टी बाट नपुग रकम खिची सिडिएससिको खातामा राफसाफ प्रकृया शुरु भएको २ घण्टा भित्र अर्थात T+3 को अपरान्ह २ बजेभित्र रकमान्तर गर्नु पर्ने छ ।

१३. माथि उल्लेख भए बमोजिम बैंक ग्यारेण्टी वा नगद धरौटीबाट पनि रकम पुरा नभएमा उक्त नपुग रकम कुन कारोबारसँग सम्बन्धित हो सो को जानकारी गर्न सम्बन्धित राफसाफ सदस्यले कारोबार सम्पन्न भएको तीन कार्यदिन (T+3) को अपरान्ह १२ बजे भित्र सिडिएससिलाई लिखित रुपमा निवेदन दिनु पर्नेछ र सिडिएससिले उक्त निवेदन माथि आवश्यक छानबिन गरी Shortage Mark भएका कारोबारसँग सम्बन्धित राफसाफ सदस्यलाई उल्लेखित रकमको Payout रोक्न राफसाफ बैंकलाई आवश्यक निर्देशन दिनेछ र राफसाफ बैंकले सिडिएससिको उक्त निर्देशन अनुसार Payout प्रक्रिया अगाडि बढाउने छ । यसरी राफसाफ सदस्यले कारोबार सम्पन्न भएको तीन कार्यदिन (T+3) को अपरान्ह १२ बजे भित्र सिडिएससिलाई Fund Shortage सम्बन्धी जानकारी नगराएमा सो Shortage रकम चुक्ता नगरेसम्म सम्पूर्ण राफसाफ सदस्यको रकमको Payout रोकिनेछ । राफसाफ सदस्यले सिडिएससिको निर्देशनमा पनि माथि उल्लेख गरे बमोजिम Shortage सम्बन्धी जानकारी नगराई राफसाफ तथा फछ्र्यौट प्रकृया अवरुद्ध

हुन गएमा निज राफसाफ सदस्यलाई राफसाफ तथा फछ्र्यौट विनियमावली २०६९ अनुसारको कारवाही गरी सम्पूर्ण Payout रकमको राफसाफ बैंकले राफसाफ सदस्यलाई प्रदान गर्ने ब्याज बराबरको रकम हर्जना बापत तिर्नु पर्ने छ । यसरी हर्जना बापत प्राप्त रकम भविष्यमा गठन गरिने फछ्र्यौट ग्यारिण्टी कोष (Settlement Guarantee Fund) मा जम्मा हुने गरी हाललाई सिडिएससिले राख्ने छ ।

१४. धितोपत्र र रकमको Payin प्रक्रिया पछि CnS सफ्ट्वेयरले कारोबार सम्पन्न भएको ३ कार्य दिन (T+3) को बिहान १२ बजे प्रत्येक राफसाफ सदस्यको लागि धितोपत्रको Shortage गणना गरी Closeout Debit बापतको रकम गणना गर्नेछ र साथै पूँजीगत लाभकर बापतको रकम पनि गणना गर्नेछ । यसरी CGT Debit, Closeout Debit सम्बन्धी रकम गणना गरे पश्चात् सिडिएससिले उक्त रकम राफसाफ सदस्यको खाताबाट सिडिएससिको खातामा रकमान्तर गर्नको लागि राफसाफ बैंकलाई CnS सफ्ट्वेयर मार्फत् निर्देशन दिनेछ ।

१५. रकम हस्तान्तरण सम्बन्धी कार्यको लागि राफसाफ बैंकले CnS सफ्ट्वेयरमा रहेको Bank Interface को प्रयोग गर्नेछ । उक्त Interface मा रहेको Funds Payin, CGT Debit, Closeout Debit सम्बन्धी प्रत्येक Report हेरी बैंकले आफ्नो सफ्ट्वेयर मा आवश्यक Debit/Credit गर्नेछ । उक्त Debit/Credit को Confirmation राफसाफ बैंकले CnS सफ्ट्वेयरमा पनि गर्नु पर्नेछ । Trade to Trade Basis मा राफसाफ हुँदा CGT Debit बापतको रकमलाई Funds Payout बापतको रकमसँग समायोजन गरिनेछ ।

१६. धितोपत्र र रकमको Payin गरे पश्चात् CnS सफ्ट्वेयरले राफसाफ सदस्यले पाउने धितोपत्र र रकमको गणना गरी Payout प्रक्रिया अगाडि बढाउनेछ । धितोपत्रको Payout को लागि CnS सफ्ट्वेयरको निर्देशन अनुसार CDAS सफ्ट्वेयर मार्फत् सिडिएससिको धितोपत्रको पुल एकाउन्टबाट खरिदकर्ता राफसाफ सदस्यको पुल एकाउन्टमा खरिद गरिएका धितोपत्रहरु जम्मा हुनेछन् र रकमको Payout को लागि Funds Payout, Closeout Credit सम्बन्धी रकम गणना गरी सिडिएससिले उक्त रकम सिडिएससिको खाताबाट राफसाफ सदस्यको खातामा रकमान्तर गर्नको लागि राफसाफ बैंकलाई CnS सफ्ट्वेयर मार्फत् निर्देशन दिनेछ । यसरी CnS सफ्ट्वेयरको निर्देशन पछि बिक्रीकर्ता राफसाफ सदस्यले पाउने रकमको हस्तान्तरण सम्बन्धी कार्यको लागि राफसाफ बैंकले CnS सफ्ट्वेयरमा रहेको Bank Interface को प्रयोग गर्नेछ । उक्त Interface मा रहेको Funds Payout, Closeout Credit सम्बन्धी प्रत्येक Report हेरी बैंकले आफ्नो सफ्ट्वेयरमा आवश्यक Debit/Credit गर्नेछ । उक्त Debit/Credit को Conformation राफसाफ बैंकले CnS सफ्ट्वेयरमा पनि गर्नुपर्नेछ ।

१७. धितोपत्र र रकमको Payout गरे पश्चात् खरिदकर्ता राफसाफ सदस्यले प्राप्त गरेको धितोपत्र र बिक्रीकर्ता राफसाफ सदस्यले प्राप्त गरेको रकम सम्बन्धित पक्षलाई अविलम्ब बुझाउनु पर्नेछ ।

१८. सिडिएससिले NEPSE Commission, SEBON Commission, TDS, CGT बापतको रकम सिडिएससिको खाताबाट सम्बन्धित खातामा रकमान्तर गर्नको लागि राफसाफ बैंकलाई CnS सफ्ट्वेयर मार्फत् निर्देशन दिनेछ र राफसाफ बैंकले सो निर्देशनको आधारमा आफ्नो सफ्ट्वेयर मा आवश्यक Debit/Credit गर्नेछ । उक्त Debit/Credit को Confirmation राफसाफ बैंकले CnS सफ्ट्वेयरमा पनि गर्नु पर्नेछ ।

## अनुसूची - १.१

श्री ......................

सदस्य दलाल नं. :

### विषय : आधार मुल्य बारे ।

महोदय,

धितोपत्र कारोबार विनियमावली, २०५५ को विनयम २० को उपविनियम १ अनुसार धितोपत्र बिक्री गर्न दिएको मिति ....................... को बिक्री आदेश पत्र बमोजिम कारोबार सम्पन्न भएका निम्न लिखित क्रम संख्या १ मा उल्लेखित कारोबार नम्बरहरु राफसाफ गरी उल्लेखित कम्पनीहरुको पूँजीगत लाभकर गणनाका लागि तपशिलमा उल्लेखित क्रम संख्या २ विवरणहरु स्वघोषणा गरी पेश गरेका छु/छौं । उल्लेखित विवरणका आधारमा पूँजीगत लाभकर गणना गरी कट्टा गर्न मन्जुर छु/छौं । तल उल्लेखित विवरणहरु सत्य तथ्य छन् । गलत विवरण पेश गरेको ठकरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**तपशिल :**

**१. बिक्री कारोबार नं. :**

**२. आधार मुल्यको विवरण**

| सि. नं. | कम्पनीको नाम | कारोबार नं. | खरिद किसिम | | | | खरिद मुल्य |
|---|---|---|---|---|---|---|---|
| | | | IPO | Bonus | Right | Purchase | |
| | | | | | | | |

**बिक्री आदेश दिने**

नाम :

दस्तखत :

ठेगाना :

मिति :

**नोट** : माथि उल्लेखित विवरण उपलब्ध नभएमा IPO सरह पूँजीगत लाभकरका लागि आधार मुल्य हुनेछ ।